WASHINGTON STATE BOARD OF HEALTH

HEALTH EQUITY
Governor's Interagency Council on Health Disparities

# स्वास्थ्य प्रभावसम्बन्धी समीक्षाहरू - परिचय

https://youtu.be/Fe59CxyttNk?feature=shared (अङ्ग्रेजीमा उपलब्ध छ)

नमस्कार, मेरो नाम Lindsay हो र म स्वास्थ्य प्रभावसम्बन्धी समीक्षाहरू (वा H-I-R) लेख्ने टोलीको सदस्य हुँ। HIR भनेक कुनै विधेयक वा बजेट प्रस्तावले Washington राज्यमा स्वास्थ्य र समतामा कसरी प्रभाव पार्न सक्छ भन्ने कुरा निर्धारण गर्न प्रमाणका आधारमा गरिने वस्तुगत तथा पक्षपातरहित विश्लेषण हो। HIR ले निर्णयकर्ताहरूलाई स्वास्थ्य तथा समताको दृष्टिकोणबाट नीति विशेष जानकारी प्रदान गर्छ।

Washington राज्यका कुनै पनि लेजिस्लेटर वा गभर्नरले HIR गर्ने अनुरोध गर्न सक्छन् र सम्बन्धित प्रस्ताव कानुनका रूपमा पारित भइसकेको छैन भने कुनै पनि नीतिगत विषयका बारेमा उक्त समीक्षा गर्न सकिन्छ। हामीले सदन चलेका बेला अनिवार्य रूपमा 10 दिनभित्र HIR पूरा गर्नु पर्ने हुन्छ र सदन नचलेका बेला भने हामीले थप समय पाउँछौँ।

लेजिस्लेटरहरूले विभिन्न कारणहरू देखाएर HIR अनुरोध गर्न सक्छन्। केही लेजिस्लेटरहरूले कुनै प्रस्तावलाई कानुनका रूपमा पारित गरिएका खण्डमा त्यसले पार्ने सम्भावित प्रभावहरूका बारेमा बुझ्ने, सहकर्मीहरूसँग कुनै प्रस्तावका बारेमा छलफल गर्ने वा कुनै प्रस्तावमा संशोधन गर्ने प्रयोजनका लागि HIR का निष्कर्षहरू प्रयोग गर्न सक्छन्।

पूरा गरिएका सबै HIR हरू राज्यको स्वास्थ्य परिषद् को वेबसाइटमा उपलब्ध हुन्छन्।

थप जानकारीका लागि www.sboh.wa.gov/hir (अङ्ग्रेजीमा उपलब्ध छ) मा जानुहोस्।